# समाज विज्ञानमा नयाँ पुस्ता प्राज्ञिक गैरसरकारी संस्थाको भूमिका

**प्रत्यूष वन्त**

समाज विज्ञानको विश्लेषणात्मक क्षमता पुस्तागत हस्तान्तरण हुने प्रमुख ठाउँ कलेज र विश्वविद्यालय हुन् । त्यहाँ गरिने अध्ययन, अनुसन्धान, लेखन र प्रस्तुतिले विद्यार्थीको ज्ञान तिखार्दै लैजान्छ भन्ने विभिन्न मुलुकका अनुभवले देखाइसकेको छ । नेपालमा समाज विज्ञान पठन-पाठन र अनुसन्धान हुने उच्च शिक्षाको मुख्य निकाय त्रिभुवन विश्वविद्यालय (त्रिवि) हो । ४६ वर्षअघि मात्र स्थापित त्रिविमा समाज विज्ञानका धेरै विधाको अध्यापन त हुन्छ, तर त्यहाँ गहकिलो पठन-पाठन र अनुसन्धानका लागि उपयुक्त वातावरण उपलब्ध छैन । सरकारी अनुदानमा आधारित तथा मुलुकको राजनीतिक उथलपुथलबाट अत्यधिक प्रभावित रहँदै आएकाले पनि त्रिविको अवस्था यस्तो हुन पुगेको हो ।

करिब १५ वर्ष अगाडिसम्म मुलुकमा केन्द्रीकृत अभ्यासलाई प्रोत्साहन दिने पञ्चायती शासन हावी भएकाले त्रिविबाहेक अन्य विश्वविद्यालय वा स्वतन्त्र अनुसन्धान केन्द्र र प्राज्ञिक गैरसरकारी सङ्घसंस्था (गैसस) फस्टाउन सकेनन् । व्यक्तिगत तवरमा स्वतन्त्र अनुसन्धानमार्फत समाज विज्ञानका विभिन्न दृष्टिकोणबाट नेपाली इतिहास र समाजका विश्लेषणात्मक पुस्तक नलेखिएका होइनन्, तर त्यस्ता प्रयासमा पुस्तागत निरन्तरता रहन सकेको छैन । नयाँ खुलेका विश्वविद्यालयका प्राथमिकतामा समाज विज्ञान परिनसकेकाले यसको विस्तारक्रममा तिनको भूमिका अहिलेलाई प्रमुख देखिन्न ।

पाठ्यक्रममा विशाल अन्तर नभए पनि विश्वविद्यालय भित्रको पठन-पाठनमा निहित भिन्नताले संसारका राम्रा विश्वविद्यालय र त्रिविबाट निस्कने औसत विद्यार्थीको क्षमतामा ठूलै अन्तर पाइन्छ । उच्च अध्ययन क्रममा लेख्नुपर्ने छोटा-लामा लेख, कक्षामा पाठ्य-सामग्रीमाथि गर्नु पर्ने टिप्पणी तथा विद्यार्थीलाई अनुसन्धान गर्न प्रोत्साहन गर्ने माहौल हुने भएकाले राम्रा विश्वविद्यालयमा विद्यार्थीले बलियोसित प्रशिक्षित हुने मौका पाउँछन् । तर हामीकहाँ त्यस्तो प्रक्रियाबाट गुज्रिन नपाउने अथवा नपर्ने हुनाले औसत विद्यार्थीले राम्ररी प्रशिक्षित हुने मौका पाउँदैनन् । त्यसमाथि त्रिविको पाठ्यक्रम पटक्कै लचिलो छैन । फलतः यसले पनि हामीकहाँ समाज विज्ञान फस्टाउनमा बाधा पुऱ्याइरहेको छ ।

*रूपान्तरण: समाज अध्ययन* २: १-१७ कात्तिक २०६२

अर्कोतर्फ, त्रिविमा केन्द्रीकृत परीक्षा प्रणाली छ । उच्च शिक्षाको एउटा तह पार गरेर माथिल्लो तहमा जाने आधार वर्षको अन्तिम परीक्षा मात्र हो । उच्च शिक्षाको 'डिग्री' हासिल गर्न कुनै पनि सङ्काय, विषयका विद्यार्थीलाई विश्लेषणात्मक लेखहरू लेख्नुपर्ने बाध्यता छैन । केही विधामा स्नातकोत्तर तहमा शोधपत्र (थेसिस) लेख्न नलगाइने होइन तथापि यो औपचारिकतामै सीमित छ । स्नातकोत्तर तहमा पनि अनुसन्धान गरी लेख्नुपर्ने छोटा लामा लेख र सहभागीमूलक प्रस्तुतिहरू गर्नैपर्ने बाध्यात्मक व्यवस्था नभएकाले हाम्रा कलेज र विश्वविद्यालयका प्रायः विद्यार्थीको विश्लेषणात्मक क्षमता उच्च शिक्षा पार गर्दा पनि कमजोर हुन्छ ।

त्रिविभित्र कमजोर अनुसन्धान परम्परा विद्यमान रहिरहन आर्थिक अभाव उत्तिकै जिम्मेवार छ । नेपाल जस्तो गरिव राष्ट्रमा उच्च शिक्षा र अनुसन्धाननिम्ति आवश्यक स्रोतको अभाव रहनु अस्वाभाविक होइन । तर स्रोतको थोक अभावको साथसाथै भएको थोरै स्रोतसमेत राम्ररी व्यवस्थापन र परिचालन गर्न नसक्ने त्रिविका अनुसन्धान केन्द्रका नेतृत्व वर्गको कमजोरी पनि त्यसका लागि जिम्मेवार छ। सुनिँदै र भनिँदै आएको समाजविज्ञानको दुर्दशाको हाम्रो कथा यही हो ।[१]

समाजविज्ञानको पठन-पाठन र अनुसन्धानको यो अवस्था बदलिन हाम्रा कलेज र विश्वविद्यालयमा अध्यापन तथा अनुसन्धान गर्ने वातावरणमा व्यापक परिवर्तन आवश्यक छ । त्रिविको प्राज्ञिक वातावरणमा ठूलो भिन्नता आएमा र अन्य विश्वविद्यालयमा समाज विज्ञानका विषयले प्राथमिकता पाएमा आवश्यक उत्साहजनक माहौल तयार होला कि भन्ने आशा गर्न सकिन्छ। तर देशको राजनीतिक उथलपुथल साम्य नभएसम्म विश्वविद्यालयमा उच्च शिक्षाको वातावरण सुध्रँदैन भन्ने एकथरीको विचार यदि सही हो भने सजिलैसँग यस्तो परिवर्तन हुने देखिन्न ।

ज्ञानको अभिवृद्धि गर्ने काममा कलेज र विश्वविद्यालयको वातावरण अनुकूल या सकारात्मक भएका मुलुकमा अनुसन्धानमुखी स-साना संस्था र समूहहरूको भूमिका सहयोगी मात्र हुन्छ। तर विश्वविद्यालयको वातावरण अनुकूल नभएको हाम्रो जस्तो परिस्थितिमा युवाहरूलाई अनुसन्धानमा तिखार्ने काममा प्राज्ञिक गैसस र व्यक्तिहरूको भूमिका अन्य मुलुकको दाँजोमा सम्भवतः बढी हुन्छ । यदि यो अवधारणामा विश्वास गर्ने हो भने यसले सृजना गर्ने सवालहरूको शृङ्खलामाथि गहन बहस जरुरी हुन्छः समाज विज्ञानमा नयाँ पुस्ता तयार गर्ने उद्देश्यसहित काम गरिरहेका प्राज्ञिक गैससले केके गर्नु पर्छ ? उनीहरूले अपनाउनुपर्ने कार्यपद्धति के हुन सक्छन् ? नयाँ पुस्ताका समाज वैज्ञानिकका लागि कस्ता अवसरहरू जुटाइनु पर्छ ? कस्ता स्रोत सामग्री उपलब्ध हुनु पर्छ ? आवश्यक आर्थिक स्रोत कसरी जुटाउन सकिन्छ ? यो लेखमा यिनै प्रश्नको जवाफ खोज्दै बहसलाई अगाडि बढाउने प्रयास गरिएको छ ।

लेखको पहिलो खण्डमा 'रिमेडियल कोर्स' को सञ्चालन अथवा छोटो कार्यशाला (वर्कशप) पछि 'फिल्ड'मा गई अनुसन्धान गर्ने जस्ता प्रयोगमा देखिएका कमजोरीबाट सिक्दै

---

[१] भारत र संयुक्त अधिराज्यमा नेपालसम्बन्धी विशेषज्ञ कसरी तयार भइरहेका छन् भन्ने विवरणका लागि हेर्नुहोस् क्रमशः वन्त (सन् २००१ र २००४) ।

अनुसन्धानमा 'चुर्लुम्म डुबाइने र डुब्ने' पद्धति प्राज्ञिक गैससका लागि सबभन्दा उत्तम तरिका हो भन्ने तर्क गरिएको छ । त्यसैगरी, सैद्धान्तिक विश्लेषणको भारीले सुरुमै नयाँ पुस्तालाई तर्साउनु हुन्न र नेपाली भाषामा पनि समाज विज्ञान सम्भव छ भन्ने विचारको वकालत यहाँ गरिएको छ । लेखको अर्को खण्डमा नयाँ पुस्ताका विद्यार्थीका लागि पुराना पुस्ताका प्राज्ञले गर्न सक्ने कामहरूको चर्चा छ । नयाँ पुस्ताका विद्यार्थी स्वयंले गर्नुपर्ने कामको चर्चा त्यसपछिको खण्डमा गरिएको छ । अर्को खण्डमा यी सम्पूर्ण प्रक्रियाका लागि आवश्यक सबैखाले स्रोतबारे चर्चा छ । अन्तमा छोटो निष्कर्ष खण्ड छ । यहाँनेर यो उल्लेख गर्नु उपयुक्त हुनेछ कि लेखमा चर्चा गरिएको प्रशिक्षण पद्धति मेरो व्यक्तिगत अनुभव र मार्टिन चौतारीको प्रयोगमा आधारित छ ।

## नयाँ पुस्ता उत्पादनमा प्राज्ञिक गैससका प्रयास

केही गैससले नयाँ पुस्ताका समाज वैज्ञानिक तयार गर्न रिमेडियल कोर्स र वर्कशप तरिका अपनाइरहेका छन् । विद्यार्थीहरूलाई समाज विज्ञानका विभिन्न विधाको चिनारी दिन हाल सोसल साइन्स बहा:अन्तर्गत चलिरहेको 'इमर्सन कोर्स' एउटा अभ्यास हो । यो कोर्समा समाजशास्त्र, मानवशास्त्र, राजनीतिशास्त्र, अर्थराजनीति, इतिहासलगायत केही अन्य विधाको प्रचलित सैद्धान्तिक अवधारणा र अनुसन्धान अभ्यासलाई विद्यार्थीहरूमाझ छोटो समयमा चिनाउने प्रयास गरिन्छ । उनीहरूलाई विभिन्न विधाको 'स्वाद चखाउने' काम विभिन्न शिक्षकले गर्छन् । कोर्सको अन्तमा गरिने तीनहप्ते अनुसन्धानले विद्यार्थीलाई केही नयाँ कुरा सिक्ने अवसर त दिन्छ तर यो अभ्यासमार्फत प्रकाशनयोग्य उपज भने निस्केको छैन । दस ब्याचलाई पढाइसक्दा पनि त्यस्तो उपज ननिस्केकोले यो प्रयास समाज विज्ञानको स्वाद चखाउने स्तरभन्दा माथि उक्लन नसकेको पुष्टि हुन्छ ।

समाज वैज्ञानिक बढाउन डा. लोकराज बरालको नेतृत्वमा नेपाल समसामयिक अध्ययन केन्द्रले पनि केही अभ्यास गरिरहेको छ । यो अभ्यासअन्तर्गत प्रतिस्पर्धामा छानिएका करिब पन्ध्र जनालाई दुई हप्ताको पूर्णकालीन कार्यशालामा सम्मिलित गराइन्छ । त्यसपछि सहभागीले स्थापित समाज वैज्ञानिकको नेतृत्वमा स्थलगत अनुसन्धान गर्नु पर्छ । त्यसै अनुसन्धानमा आधारित लेख लेख्ने काम यो अभ्यासको अन्तिम चरण हो । तर सो काममा प्रशिक्षार्थीहरूको पूर्ण संलग्नता भएको उदाहरण धेरै छैन । हालसम्म वर्कशपमा भाग लिइसकेका झन्डै साठी जनामध्ये दुई तीनले मात्र संलग्न अनुसन्धानमा आधारित पूर्ण लेख तयार गर्ने काम गरेका हुनाले यो प्रक्रियाबाट अनुसन्धानका 'भरिया' त तयार हुने तर नयाँ पुस्ताका अनुन्धानकर्ता तयार नहुने देखियो ।

यी दुई प्रयासभन्दा भिन्न 'चुर्लुम्म डुबाइने र डुब्ने' पद्धतिको कुरा गर्दा सबभन्दा पहिले प्रचलित दुइटा 'भूत'बाट हामी मुक्त हुन जरुरी देखिन्छ । पहिलो हो, सिद्धान्तको भूत र दोस्रो, अङ्ग्रेजीको भूत । पहिलो नम्बरमा 'थ्योरी' को भूतले तर्साउन हुन्न भन्ने मेरो विचार छ । हो, थ्योरी नपढी समाज विज्ञान अगाडि बढ्दैन । तर अनुभव र आत्मबल कम भएका प्रशिक्षार्थीलाई 'थ्योरीको बलियो ज्ञानबिना समाज वैज्ञानिक बन्न सकिन्न' भनेर सुरुमै भनिरहँदा उसको पलायन हुन्छ । हामीले भन्नुपर्ने त यस्तो हो: 'थ्योरी आवश्यक छ, बिस्तारै

त्यसमा पहुँच बढाउँदै लैजानु पर्छ।' हामीले उनीहरूका रुचिका विषयमा अध्ययन, अनुसन्धान र लेखन सँगसँगै थ्योरीको ज्ञानमाथि कब्जा जमाउन सहयोगी वातावरण उपलब्ध गराइदिनु पर्छ। चुर्लुम्म डुबेर अनुसन्धान गर्ने मौका पाएका प्रशिक्षार्थीको क्रमशः आत्मबल वृद्धि भई प्रायःको थ्योरीमाथि पहुँच वृद्धि भएको अनुभवले देखाएको छ।

दोस्रो, समाज विज्ञान अङ्ग्रेजीमा मात्र गर्न सकिन्छ भन्ने जिद्दी त्याग्नु पर्छ। यो निश्चित हो कि अन्तर्राष्ट्रिय समाज विज्ञानको हालको प्रमुख भाषा अङ्ग्रेजी हो। तर अङ्ग्रेजहरूको सोझो उपनिवेश हुन नपरेकोले अङ्ग्रेजीमाथि हाम्रो पहुँच कम छ। समाज विज्ञानको अन्तर्राष्ट्रिय भाषाको रूपमा प्रयोग भइरहेको अङ्ग्रेजीमा उपलब्ध स्रोत सामग्रीसँग हाम्रो बौद्धिक र अनुसन्धानमुखी समुदायको सोझो र सजिलो पहुँच अझै छैन। गएको दुई तीन शताब्दीयता अङ्ग्रेजी भाषामा भएका बौद्धिक र विश्लेषणात्मक विरासतबाट केही टाढा हुँदा समाज विज्ञानका अन्तर्राष्ट्रिय प्रसङ्गहरूसँग हाम्रो सोझो वार्ता र आदानप्रदान सजिलै हुन सकिरहेको छैन। यस परिप्रेक्षमा नेपाली भाषामा पनि समाज विज्ञानको अनुसन्धान गर्न सकिन्छ भनेर अङ्ग्रेजी भाषामा दखल नभएकाहरूलाई प्रोत्साहन दिइएको उदाहरण इतिहासबाहेक अन्य विधामा देख्न पाइन्न।[२]

अङ्ग्रेजीमा लेख्दा निश्चित फाइदा छन्। अङ्ग्रेजीमा लेखेपछि नेपाल बाहिरका समाज वैज्ञानिकले पढ्ने र उद्धृत गर्ने सम्भावना बढ्छ। नेपालसम्बन्धी अध्ययन गर्ने समूहले पनि अङ्ग्रेजीमा उपलब्ध सामग्री बढी पढ्ने सम्भावना रहन्छ। किनभने विभिन्न प्रतिबद्धता व्यक्त गरे पनि व्यवहारमा नेपालसम्बन्धी अध्ययन गर्नेमध्ये एकाधबाहेक अरूले नेपाली भाषाको लेखनलाई प्राज्ञिक र सैद्धान्तिक हैसियतका सामग्री हुन् भनेर उपयोग गरेको उदाहरण मैले पाएको छैन।

त्यसो भए हामीले गर्नुपर्ने के हो त भन्ने प्रश्न यहाँनेर उठ्छ। हामीले अङ्ग्रेजी र अन्य भाषामा लेखपढ गर्न सक्ने नयाँ पुस्ता तयार गर्न जरुरी छ। अङ्ग्रेजीमा उपलब्ध सामग्री पढ्न र उपयोग गर्न हौसला दिनुका साथै नेपालीमा नै विश्लेषणात्मक समाज विज्ञान लेखन सम्भव छ भन्ने उनीहरूलाई सिकाउनु पर्दछ। यसो भएमा अङ्ग्रेजीको ज्ञान थोरै हुँदाहुँदै पनि अनुसन्धान गर्ने, लेख्ने र विश्लेषण गर्ने अवसर नयाँ पुस्ताका नेपालीलाई उपलब्ध हुनेछ।

प्रारम्भमा केही थ्योरी र अनुसन्धान पद्धतिबारे जानकारी गराई अनुसन्धानमा सोझै उत्रने मौका नयाँ पुस्तालाई प्रदान गर्नु पर्छ। यो नै चुर्लुम्म डुबाइने र डुब्ने पद्धति हो। यसो गर्दा अनुसन्धानबाट निस्कने 'डेटा'देखि त्यसको विश्लेषण र लेखन गर्ने मौका नयाँ प्रशिक्षार्थीले पाउँछन्। उनीहरूले सुरुमा लेखेका सामग्री परम्परागत समाज विज्ञानको सामग्री भन्न नमिल्ला तर यो प्रक्रियामा गुज्रन पाएका अनुसन्धातामा लगाव र आत्मविश्वास बढ्दै जान्छ। दुई तीन वर्ष लगातार अनुसन्धानको अनुभव प्राप्त गर्नेहरूमा थ्योरीसँग भीड्न सक्ने आत्मबल बढेको मैले देखेको छु। अन्यले निश्चित विषयका पुस्तक संयोजन र सम्पादन कार्य गरिसकेका छन्, आफैँ सिङ्गो पुस्तक लेख्न सक्ने सामर्थ्यको स्पष्ट प्रमाण देखाइसकेका छन्।

---

[२] इतिहास विधामा प्राज्ञिक कामको भविष्यबारे मैले अन्यत्र छलफल गरेको छु (वन्त सन् २००३बी)।

## पुराना पुस्ताका प्राज्ञले गर्न सक्ने काम

पुराना पुस्ताका प्राज्ञहरूले विभिन्न काममार्फत नयाँ पुस्ताका प्रशिक्षार्थीलाई समाज वैज्ञानिक बन्न सघाउन सक्छन् । अनुभवले महत्त्वपूर्ण देखाएका छलफल, पुस्तक समीक्षा र स्रोत पुस्तक प्रकाशनको चर्चा तलका अनुच्छेदमा गरिएको छ ।[३]

### *छलफल*

समाजविज्ञानको नयाँ पुस्ता तयार गर्ने क्रममा छलफलको विशेष भूमिका हुन्छ । यसै कारण विश्वविद्यालयमा सेमिनार, वर्कशप, पठन समूह (रिडिङ ग्रुप) र सम्मेलन (कन्फरेन्स) मार्फत छलफल गर्ने गरिन्छ । सेमिनारमा प्रायः एउटाले आफ्नो प्रस्तुति राख्छ । उपस्थित व्यक्तिहरूले प्रस्तुतिमाथि थप प्रश्न वा तर्कमाथि टिप्पणी गर्छन् । प्रश्न र टिप्पणीको जवाफ दिने मौका प्रस्तोताले पाउँछ । वर्कशपमा चाहिँ प्रस्तुत हुने लेख, कार्यपत्र पहिले नै बाँडिएको हुन्छ । सहभागीले सो कार्यपत्र वा लेख पढेर आउने हुनाले लेखकले सुरुमा १०-१५ मिनेट बोल्ने र बाँकी समय छलफलका लागि छुट्टयाइन्छ । तेस्रो प्रकारको छलफल चाहिँ 'पठन समूह' को नाममा सञ्चालन हुन्छ । अनुसन्धान गर्ने विद्यार्थीहरूमाझ अनौपचारिक समूह बनाई निश्चित पुस्तक या लेख पढ्ने र त्यसपछि समूहका सबै जम्मा भई सोबारे गहन छलफल गरिन्छ । चौथो प्रकारको छलफललाई चाहिँ सम्मेलन भन्ने गरिन्छ । निश्चित विषय वा विश्वको कुनै एक क्षेत्रबारे केन्द्रित हुने गरी एक वा धेरै दिनभर चल्ने अभ्यास हो यो । छलफलका यी स्वरूपले नयाँ पुस्ता जन्माउन फरक फरक ढङ्गले योगदान पुर्‍याइरहेका हुन्छन् ।

सेमिनारमा आफ्नो प्रस्तुति राख्ने पाका विश्लेषकहरूको कुरा सुन्दा अग्रजहरू कस्ता प्रश्नको उत्तर खोजिरहेछन् र कसरी खोजिरहेछन् भन्ने जानकारी मिल्छ । प्रस्तुतिको बाना तथा छलफलमा उठेका प्रश्न र टिप्पणीको जवाफ दिने शैलीले नयाँ पुस्तालाई महत्त्वपूर्ण सीप सिक्ने मौका मिलिरहेको हुन्छ । वर्कशपमा प्रस्तुत हुने मस्यौदा विश्लेषणबाट पाका र सहकर्मी अनुसन्धानकर्ताले कसरी र कुन चरणबद्ध ढङ्गबाट आफ्नो काम अगाडि बढाउँदै लान्छन् भन्ने सिक्न पाइन्छ । एउटै विषयमाथि विभिन्न पाठकको ध्यान र प्रतिक्रिया कसरी फरक हुन्छ भन्ने यसबाट प्रस्ट हुन्छ । यस्तै, पठन समूहको अभ्यासमा पनि आफूलाई चासो भएका विधामा नयाँ प्रकाशित पुस्तक, लेख पढी सहकर्मीबीच छलफल गर्दा एकअर्काबाट धेरै सिक्न पाइन्छ । सम्मेलनचाहिँ प्रायः जात्रा हुन् । त्यहाँ सिकाइ कम र सामाजिक घुलमिलको मात्रा बढी हुन्छ । धेरै प्रस्तुतिलाई ठाउँ दिनुपर्ने भएकाले सम्मेलनमा एउटा प्रस्तोताले प्रायशः बीस मिनेटभन्दा बढी बोल्न पाउँदैन । छोटो समयमा धेरै भन्ने मौका पाइन्न । त्यसकारण सम्मेलनहरू क-कसले केके विषयमा काम गरिरहेको छ भनेर जान्न मात्र उपयोगी हुन्छन् ।

---

[३] जर्नल प्रकाशन प्राज्ञिक गैससले गर्न सक्ने एक महत्त्वपूर्ण कार्य हो । उदाहरणका लागि *नेपाली जर्नल अफ कन्टेम्पोररी स्टडीज* र *स्टडीज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी* (सिन्हास) लाई लिन सकिन्छ । सिन्हासबारे त्यसका प्रारम्भिक सम्पादकीयमा चर्चा गरिएको छ र थप जानकारी वन्त र हार्पर (प्रकाशोन्मुख) मा पाइन्छ ।

विश्वविद्यालयभन्दा बाहिर रहेका संस्थाले कस्तो छलफल चलाउन सक्छन् भन्ने प्रश्न यहाँनेर सामयिक हुन्छ । मार्टिन चौतारीको एक दशकभन्दा लामो छलफलको नियमित शृङ्खला चलाउने अभ्यासले यतातर्फ केही सङ्केत दिएको छ । प्रथमतः विषयगत छलफलको नियमित शृङ्खला ज्ञानको सहभागितामूलक विश्लेषणका निम्ति अत्यावश्यक छ भन्ने देखिएको छ । छलफल नियमित हुन सके त्यसले प्रशिक्षार्थीहरूमा सहभागिताको अनुशासन निर्माण गर्दछ । दोस्रो, कुनै विषयमाथिको छलफलमा त्यसका विभिन्न आयामबारे सहभागी जानकार बन्छ । तथ्य सङ्कलनका सम्भावनाहरू, त्यसको विश्लेषण र प्रशोधन साथै निश्चित तर्कको निर्माण प्रक्रियालाई छलफलले पारदर्शी बनाउँछ । अरूको विश्लेषणले आफूले गर्न खोजिरहेको अनुसन्धान र विश्लेषणलाई समेत अप्रत्यक्ष सघाइरहेको हुन्छ । चौतारीको अभ्यासबाट त्यहाँ कार्यरत नयाँ पुस्ताका अनुसन्धानकर्मी र विभिन्न कलेज तथा अन्य क्षेत्रका सहभागीले सिकेको पाठ यही हो ।

तेस्रो, विश्वविद्यालयबाहिर छलफलमा भाग लिनु बाध्यात्मक नभएकाले चौतारी जस्ता संस्थालाई आफूले चलाउने छलफल शृङ्खला आकर्षक बनाउने चुनौती सधैँ रहिरहन्छ । छलफल रोचक र सार्थक आफैँ हुँदैन । छलफलको नियमिततामा विश्वास गर्ने समूहहरूले यस्तो शृङ्खलालाई रमाइलो र ज्ञानवर्धक बनाउन लगानी गर्नै पर्छ । यसो भन्नाले कुनै विषयमा एकै ढङ्गले सोचिरहेका प्राज्ञिक व्यक्तिको सीमित वृत्तभन्दा बाहिर गएर विविध ढङ्गले काम गरिरहेका व्यक्ति (सामाजिक आन्दोलनकारीहरू, राजनीतिज्ञहरू, गैससका व्यक्तिहरू, इत्यादि) लाई एकैचोटि एकै ठाउँमा जुटाउने वा विभिन्न समयमा सहभागी बनाउन सक्ने वातावरण तयार गर्नै पर्छ । अन्यथा छलफलका शृङ्खलाहरू छोटा आयुका, कम फलदायी प्रयास मात्र हुन्छन् ।

चौथो, ज्ञानको भण्डार विस्तार गर्न छलफलमात्र पर्याप्त हुँदैनन् । अनुभवको आधारमा मान्छे जुटेर कुनै विषयमाथि विश्लेषण गर्दा केही नयाँ कुरा अवश्य आउँछ । तर अनुभवको आफ्नै सीमा हुन्छ । छलफल सार्थक बनाउन अनुसन्धान आवश्यक हुन्छ । अनुसन्धान प्रणालीमा आधारित सामाजिक विश्लेषणबाट छलफल समुदायको सामूहिक ज्ञान-भण्डारको सीमा तन्काउन सकिन्छ । मस्यौदा विश्लेषण छलफलमा राख्दा प्राप्त हुने सुझावले अनुसन्धान परिस्कृत गर्न मौका दिन्छ । यस्तो वर्कशप नमूना चौतारीका मिडिया र अन्य विषयका अनुसन्धानकर्ताले अपनाउँदा फाइदा भएको छ ।

पठन समूहको अभ्यास भने चौतारीमा त्यति जम्न सकेन । करिब पाँच वर्षअगाडि महिनाको एक पटक तोकिएको साहित्यिक पुस्तक पढेर भेट गरी छलफल गर्ने प्रयास गरिएको थियो । झन्डै एक वर्षको प्रयासमा सहभागी धेरैले तोकिएको पुस्तक नपढी आउने गरेपछि असफल ठानी यसलाई स्थगित गरियो ।

चौतारी आफैँले सम्मेलनहरू गर्ने गरेको छैन । केही सम्मेलनमा सहयोगी आयोजक भने बनेको छ । सम्मेलनले नयाँ पुस्ता तयार गर्नेमा यो लेखक र अन्य सहकर्मीलाई शङ्का भएकैले सम्मेलनतर्फ कम महत्त्व दिइएको हो । सम्मेलनहरू 'मिडिया इभेन्ट' भएकाले आयोजकहरूले अतिरञ्जित हिसाबले श्रेय पाउने सम्भावना रहन्छ । नयाँ पुस्ता तयार गर्ने राम्रो विश्वविद्यालय वातावरण भएका मुलुकमा समेत सामाजिक महत्त्व बढी भएको

ठानिने यस्ता उत्सवको हामीकहाँ नयाँ पुस्ता तयार गर्ने कार्यमा योगदान नगण्यप्रायः हुन्छ । नयाँ पुस्ताको मात्र प्रस्तुति र छलफल हुने हो भने यस्ता सम्मेलन गर्न लाग्ने खर्च पुष्टि (जस्टीफाई) गर्न सकिएला अन्यथा अनुसन्धानकर्ता तयार गर्ने कमजोर वातावरण भएको हाम्रो जस्तो मुलुकमा सम्मेलनमा भन्दा बढी अनुसन्धान प्रक्रियामा नै रकम खर्चिनु उपयुक्त हुन्छ ।

## *पुस्तक समीक्षा*

सन् १९९६ मा आशुतोष तिवारीको सक्रियतामा सुरु भई सन् २००२ सम्म चालू रहेको *काठमाण्डू पोष्ट*मा नियमित प्रकाशित हुने पुस्तक समीक्षाको पृष्ठ गैरसरकारी संस्थाहरूले गर्न सक्ने अर्को कामको नमूना हो । पुस्तक समीक्षा पृष्ठ तयार गर्ने जिम्मा पछिल्लो पाँच वर्ष मार्टिन चौतारीको थियो जसले *राजधानी दैनिक*मा पनि नेपाली भाषामा करिब आधा वर्ष त्यस्तै पुस्तक समीक्षाको पृष्ठ उत्पादन गऱ्यो । यसै गरी कम्युनिकेशन कर्नरको सहकार्यमा चौतारीले केही महिनासम्म *रेडियोमा पुस्तक* कार्यक्रम पनि विभिन्न एफएम रेडियो स्टेसनबाट बजायो । विगतका अनुभवका आधारमा पुस्तकसम्बन्धी चर्चा आमसञ्चारको माध्यमबाट गर्दा नयाँ पुस्ताका पाठकहरूसम्म समाज विज्ञानका पुस्तकबारे जानकारी पुऱ्याउन सकिन्छ भन्ने देखिन्छ । अन्यत्र पत्रपत्रिका प्रकाशन गर्ने र विद्युतीय मिडिया चलाउने संस्थाहरूले नै पुस्तकसम्बन्धी चर्चा गर्ने गरे पनि हामीकहाँ त्यस्तो प्रतिबद्धता देखिएको छैन । त्यसैकारण छापा अथवा रेडियोमा समाज विज्ञानका पुस्तकसम्बन्धी चर्चा गर्ने प्रयासहरू प्राज्ञिक गैससले गर्न सक्ने ठाउँ प्रशस्त छ ।[४]

## *समाजविज्ञानका स्रोत पुस्तक*

विश्वविद्यालय वातावरणमा ज्ञानको हस्तान्तरण प्रक्रियामा पाठ्यक्रममा तोकिएका पाठ्यपुस्तक (टेक्स्टबुक) को महत्त्वपूर्ण भूमिका हुन्छ । राम्रो टेक्स्टबुकले कुनै पनि विधाका आधारभूत अवधारणा, ती अवधारणा प्रतिपादन गर्ने व्यक्ति तथा प्रारम्भिक विचार परिस्कृत गर्दै लैजाने अभ्यासबारे प्रशस्त चिनारी दिएको हुन्छ । टेक्स्टबुक निर्माणको पनि एउटा संस्कृति भएको हुनाले पर्याप्त सामाजिक लगानीबिना राम्रा टेक्स्टबुक बन्न सक्दैनन् । विश्वविद्यालयको अध्ययन, अध्यापनको राम्रो वातावरण भएका मुलुकमा दसकौंका अभ्यासपछि विभिन्न विधाका प्रमुख अभ्यासकर्तामार्फत नै टेक्स्टबुक तयार हुने परम्परा बसिसकेको छ । यसो हुँदा स्नातक र स्नातकोत्तर तहमा पढाइने राम्रा सामग्री सजिलै उपलब्ध हुन्छन् ।

हामीकहाँ भने अन्यत्र तयार गरिएका टेक्स्टबुक पढाउनुपर्ने बाध्यता छ । समाज विज्ञानको कम आयु, विश्वविद्यालयमा पठन पाठनको जोडदार संस्कृतिको अभाव तथा अङ्ग्रेजी वा नेपालकै भाषाहरूमा समाज विज्ञानका राम्रा पुस्तकको अनुपलब्धता जस्ता तथ्यले समाज विज्ञान प्रवर्द्धनमा असर पारिरहेको छ । बजारमा प्रशस्त टेक्स्टबुकहरू उपलब्ध त छन् तर कतिमा लेखकको नामसमेत नदिई 'वरिष्ठ शिक्षक'द्वारा लिखित भन्ने

[४] यस्ता प्रयासहरुको सम्भावनाको लागि हेर्नुहोस् (वन्त सन् १९९९, २०००) ।

जस्तो लज्जास्पद स्थिति विद्यमान छ । आ-आफ्ना विधामा दखल राख्ने प्राध्यापकहरूले संयुक्त रूपमा टेक्स्टबुक तयार गर्ने प्रयास हुन नसकेकाले पनि त्यस्तो स्थिति रहन गएको हुनु पर्छ । त्यसैले, विभिन्न विधाका विद्यार्थीलाई चुनौतीपूर्ण पाठ्यसामग्री उपलब्ध गराउन, नेपालभन्दा बाहिर तयार गरिएका पाठ्यसामग्रीको चयन तथा पाठ्यक्रमलाई ध्यानमा राखी नेपालभित्रै विभिन्न पुस्तक तयार गर्न आवश्यक छ ।

विश्वविद्यालयबाहिर बसेका समाज वैज्ञानिकले विधागत ज्ञानको पुस्तागत हस्तान्तरणमा गर्न सक्ने कस्ता पुस्तक तयार गर्न आवश्यक छ भन्ने प्रश्नको पहिलो जवाफ त विश्वविद्यालयको पाठ्यक्रममा समावेश गर्न सकिने स्तरका पुस्तक भन्ने हुन्छ । उनीहरूलाई त्यस्तो काम गर्न कुनै नियमले रोकेको छैन । तर विश्वविद्यालयको वातावरणमा विद्यार्थीसँग हेलमेल गर्नेभन्दा फरक परिस्थितिमा बसेर काम गरिरहेका समाज वैज्ञानिकहरूले तुलनात्मक रूपमा आफ्नो विधालाई सहयोग गर्न पाठ्यपुस्तकभन्दा अन्य खालका स्रोत-सामग्री तयार गर्नु पर्छ भन्ने मलाई लाग्छ । उदाहरणका लागि, कुनै विषयकेन्द्रित सन्दर्भ सामग्रीहरूको सूची बनाउन सकिन्छ । यस्तो सन्दर्भ सूचीले कुनै पनि विषयमा कसले कहाँ के कुरा लेखेको र प्रकाशन गरेको छ भन्ने जानकारी नयाँ पुस्ताका विद्यार्थीलाई दिन्छ । यसले उनीहरूको अध्ययन व्यवस्थित गर्न सहयोग पुऱ्याउँछ । नेपाली सन्दर्भमा यस्तो सूची बनाउने काम प्रशस्त भएका छन् । प्राज्ञिक जर्नलदेखि छुट्टै पुस्तकका रूपमा समेत यस्ता सूची प्रकाशित छन् । उदाहरणका लागि म संलग्न प्राज्ञिक जर्नल *स्टडिज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी*मा विभिन्न व्यक्तिले तयार गरेका नेपाली महिलासम्बन्धी सन्दर्भ सूची, अङ्ग्रेजी भाषामा अनुदित नेपाली र नेवारीका सामग्रीहरूको सन्दर्भ सूची, तराईसम्बन्धी सन्दर्भ सूची प्रकाशित भएका छन् । यस्ता सूची बनाउने प्रक्रियाबाट केही प्रचलित अवधारणालाई चुनौती दिन सकिन्छ । जस्तो सञ्जोग रूपाखेतीद्वारा तयार गरिएको तराईसम्बन्धी ५० पृष्ठ लामो सूचीले नेपालको तराईसम्बन्धी थोरै मात्र अनुसन्धान भएको छ भन्ने प्रचलित अवधारणालाई चुनौती दिन्छ ।

सन्दर्भ सामग्रीहरूको टिप्पणी सहितको सूची (एनोटेटेड बिब्लिओग्राफी) पनि निकाल्ने चलन छ । जगन्नाथ अधिकारी र शरद घिमिर (सन् २००२) ले तयार गरेको वातावरणीय न्यायसम्बन्धी सन्दर्भ सूची त्यस्तै एनोटेटेड बिब्लिओग्राफी हो । पाँच जना अनुसन्धानकर्ता मिलेर तयार पारेको *नेपाली मिडिया सन्दर्भ ग्रन्थ* (पराजुली र अन्य सन् २००३) र रमेश पराजुली (सन् २००४) ले तयार गरेको नेपालको माओवादी आन्दोलनसम्बन्धी सन्दर्भ ग्रन्थ पुस्तकाकार सन्दर्भ ग्रन्थका उदाहरण हुन् ।

बिब्लिओग्राफीले पढ्नुपर्ने कुरा खोज्न सहयोग गर्छन् भने पढ्ने कुरा सजिलैसँग उपलब्ध हुन अन्य खालका सन्दर्भ ग्रन्थहरू चाहिन्छ । यसमध्ये एकथरीलाई निश्चित विधामा प्रचलित खास शब्दहरूको स-सानो व्याख्या सहितको शब्दावली (ग्लसरी) भनिन्छ । अधिकारी र घिमिरे (सन् २००२क) द्वारा तयार गरिएको *वातावरणीय न्याय शब्दावली* यसको उदाहरण हो । यस्ता पुस्तकले निश्चित विधामा प्रयोगमा ल्याइएका विश्लेषणात्मक शब्द र अवधारणा सजिलोसँग बुझ्न सहयोग गर्छन् ।

अर्को महत्त्वपूर्ण स्रोत चाहिँ प्रकाशित र नयाँ लेख्न लगाइएका लेखहरूको सङ्कलनलाई मान्न सकिन्छ। अङ्ग्रेजीमा यस्ता पुस्तकलाई 'रिडर' भन्ने गरिन्छ। अन्यत्र व्यापारिक प्रकाशन गृहहरूबाट यस्ता पुस्तक निकाल्ने होडबाजी नै हुने गर्छ। सन् २००१ मा प्रकाशित *छापामा दलित* र *छापामा जनजाति* यस्ता पुस्तकका उदाहरण हुन्। दुवैमा सङ्कलित प्रायः सामग्रीहरू पूर्व प्रकाशित थिए भने केही चाहिँ ती पुस्तकका लागि नै तयार गरिएका थिए। दीपक थापा (सन् २००३) द्वारा सम्पादित माओवादी विद्रोहसम्बन्धी अङ्ग्रेजी लेखहरूको सङ्कलन यसको अर्को उदाहरण हो। पहिला दुइटा पुस्तकमा झैँ यसमा पनि प्राज्ञिक हिसाबका र पत्रकारिता जगतमा छापिएका सामग्रीको मिश्रण छ।

जगन्नाथ अधिकारी र शरद घिमिरे (सन् २००३) द्वारा सम्पादित *वातावरणीय न्याय स्रोत सँगालो* तथा भास्कर गौतम, जगन्नाथ अधिकारी र पूर्ण बस्नेत (सन् २००४) द्वारा सम्पादित *नेपालमा गरिबीको बहस* यस्ता रिडरका थप उदाहरण हुन्। नेपाली भाषामा प्राज्ञिक लेखनको स्रोत सामग्रीको रूपमा प्रकाशित *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन* (डेशेन र वन्त सन् २००४) भन्ने पुस्तक पनि यस्तै खालको सन्दर्भ ग्रन्थ हो। अन्तर्राष्ट्रिय समाज विज्ञानका केही प्रचलित मान्यतालाई नेपाली भाषामा उपलब्ध गराएर समाज विज्ञानको अन्तर्राष्ट्रिय प्रसङ्गसँग नयाँ पुस्ताका नेपाली पाठक र विद्यार्थीलाई पुल बाँध्न यी पुस्तक सहयोगी हुनेछन्।

यस्ता रिडरमा सङ्कलित सामग्रीहरू नयाँ पुस्ताको तालिम प्रक्रियामा र तिनले गर्ने अनुसन्धानमा महत्त्वपूर्ण सहयोगी तत्त्व हुन्। कुनै पनि विषयमा ज्ञान हासिल गर्न सुरुमै पढ्नुपर्ने पाठहरू सजिलैसँग उपलब्ध हुँदा ज्ञानको हस्तान्तरण प्रक्रियामा परिश्रमको खर्च उचित ढङ्गले हुन्छ। अर्थात् त्यस्ता सामग्रीको उपलब्धताले प्रारम्भिक पाठहरूको खोजीमा बढी समय खर्च नगरी पठन प्रक्रियामा सोझै सामेल हुन सकिन्छ। अनुसन्धानको क्रममा खोजतलाश गर्नुपर्ने विषय ठम्याउन पनि त्यस्ता सामग्रीले सघाउँछन्।

## नयाँ पुस्ताको तालिम प्रक्रिया

माथिल्ला खण्डमा नयाँ समाज वैज्ञानिक तयार गर्न दिइनुपर्ने प्रोत्साहन तथा वातावरण उपलब्ध गराउन आवश्यक पहलबारे विभिन्न तर्क गरियो। तर नयाँ पुस्ता स्वयंले मेहनत नगरेसम्म जतिसुकै सहयोगी वातावरण उपलब्ध भए पनि नयाँ समाज वैज्ञानिक बन्दैनन्। त्यसको लागि नयाँ पुस्ताले वर्षौंको तपस्या र धैर्यपूर्वक अभ्यास नगरी सुखै छैन। तपस्या र अभ्यास भनेको के हो भन्नेबारे धेरैको धेरै थरीका विचार हुन सक्छन् तर तलका कार्यसूचीबारे खासै विवाद नरहला भन्ने मलाई लाग्छ।

पहिलो, समाज वैज्ञानिक बन्न आफूलाई रुचि भएका विधा र विषयमा उपलब्ध सबै किसिमका सामग्री पढ्ने बानी बसाल्नु पर्छ। पत्रपत्रिका र अन्य आम सञ्चारका माध्यममा उपलब्ध सामग्री मात्र पढेर समाज वैज्ञानिक बन्न सकिन्न। त्यसैले विभिन्न विधाका आधारभूत अवधारणा प्रस्ट पार्ने मौलिक ग्रन्थ अथवा ती अवधारणालाई सजिलोसँग बुझ्ने गरी व्याख्या गरिएका सहयोगी पुस्तकहरू पढ्नु जरुरी छ। सुरुमा राम्रा टेक्स्टबुकहरू यो मामिलामा सहयोगी हुन्छन् भने अन्ततः मौलिक ग्रन्थ नै पढ्न सक्ने क्षमता वृद्धि गर्न

आवश्यक छ। दक्षता भए अङ्ग्रेजी भाषामा उपलब्ध पुस्तक पढ्न सकिन्छ अन्यथा स्थानीय भाषामा उपलब्ध ग्रन्थबाट यस्तो अभ्यास सुरु गर्नुपर्ने हुन्छ। सबै विधामा राम्रा टेक्स्टबुक हामीकहाँ उपलब्ध नभए पनि काठमाडौँलगायत अन्य सहरमा भएका अनुसन्धानमुखी पुस्तकालयमा नयाँ पुस्तालाई प्रारम्भिक अध्ययनका लागि आवश्यक सन्दर्भ ग्रन्थ उपलब्ध छन्।

त्यस्ता गहन पुस्तक एकैपटक पढेर तिनमा व्याख्या गरिएका अवधारणा बुझ्न सकिन्छ भन्ने अपेक्षा गर्नु हुन्न। समाज विज्ञानका विभिन्न अवधारणा र सैद्धान्तिक तर्क पचाउन दोहोऱ्याई तेहेऱ्याई पढ्नुपर्ने हुन्छ। धैर्यवान अध्यापकअन्तर्गत त्यस्ता पठन गर्न पाए अत्युत्तम हुन्थ्यो तर त्यस्तो अवसर नभएको खण्डमा समूहगत अध्ययन गरी निश्चित पुस्तकमाथि साप्ताहिक रूपमै छलफल गर्ने क्रम मिलाउन सकिन्छ। यसो गर्दा एउटा प्रशिक्षार्थीले नबुझेको कुरा अर्कोले बुझ्ने र आपसमा छलफल गरी पढिएको पुस्तकबारे दुवै वा सबैको ज्ञानमा अभिवृद्धि हुने निश्चित छ।

कुनै विषय पढ्दा विभिन्न अवधारणा र सैद्धान्तिक स्कूलबीचका भेद र समानता छुट्ट्याउने बानी आवश्यक हुन्छ। हामी बाँचेको संसारको जटिलता बुझ्न समाज विज्ञानको अध्ययन गर्नु परेको हो। एउटै सैद्धान्तिक धार अथवा अवधारणाको सहायताले सांसारिक जटिलताको व्याख्या गर्न सकिन्न। यसर्थ विभिन्न अवधारणाले संसारको व्याख्या गर्ने क्रममा तर्कको निर्माण गर्ने तरिका नयाँ प्रशिक्षार्थीले बुझ्न आवश्यक छ। तर्कका अन्तरनिहित तत्त्वसँग परिचित हुने र आफ्नो लेखनमा तिनलाई प्रयोग गर्न सक्ने हैसियतको समाज वैज्ञानिक बन्न वर्षौंको तपस्या र धैर्यता आवश्यक छ।

दोस्रो, खाली पढेर मात्रै कोही समाज वैज्ञानिक बन्दैनन्। समाज व्याख्याता बन्न लेख्ने अभ्यास उत्तिकै आवश्यक हुन्छ। अघि नै चर्चा गरिएझैँ वार्षिक परीक्षा प्रणाली र औपचारिकता निर्वाहका लागि गरिएका थेसिस लेखनले नयाँ पुस्ताका प्रशिक्षार्थीलाई आवश्यक लेख्ने अभ्यासको मौका दिँदैन। औपचारिक आवश्यकता नभए पनि लेख्ने बानी बसाल्नु पर्छ। सन्दर्भ र समयअनुसार लेखन विभिन्न किसिमका हुन सक्छन्।

पहिलोचरणको एकथरीको लेखन पुस्तक समीक्षा हो। यो अभ्यासले विद्यार्थीलाई पुस्तक राम्ररी पढ्न बाध्य बनाउनेमात्र होइन त्यसमाथि हजार पन्ध्र सय शब्दमा धारणा अभिव्यक्त गर्ने मौका दिन्छ। मुलुकभित्र प्रकाशन हुँदै आएका पत्रपत्रिका, म्यागेजिन र जर्नलहरूमा त्यस्ता समीक्षा छाप्न सकिने सम्भावना बढ्दै गएको छ। पुस्तक समीक्षाबाहेक आफ्नो विधा वा अनुसन्धानका चासोमा आधारित भएर विवरणात्मक, व्याख्यात्मक वा आलोचनात्मक लेख लेख्न सकिन्छ। निश्चित अवधारणाका विविध व्याख्यामाथि सङ्क्षिप्त लेखन गर्न सकिन्छ।

तेस्रो, अनुसन्धानात्मक लेखन नयाँ पुस्ताको तालिम प्रक्रियामा सबैभन्दा महत्त्वपूर्ण अभ्यास हो। साधारण लेख या थेसिस जे भए पनि अनुसन्धान गर्न तम्सिदा कुन प्रश्नको जवाफ खोज्न अनुसन्धानमा उत्रेको हो भन्ने सम्झनु पर्छ। नत्र उत्तर प्राप्त भैसक्दा पनि तिनको जानकारी अनुसन्धातालाई नहुन सक्छ। तसर्थ अनुसन्धानमा उत्रिनुअघि पूर्वलेखनको सन्दर्भ सूची बनाई तिनको समीक्षा गरी निश्चित प्रश्नको उत्तर खोज्नेतर्फ लाग्नु व्यवहारिक हुन्छ।

अनुसन्धाननिम्ति विधागत र अन्य दृष्टिकोणबाट निश्चित पद्धति तय गर्नु उचित हुन्छ । हाल नेपालको प्राज्ञिक र गैरसरकारी क्षेत्रबाट गरिने अनुसन्धानमा 'फिल्ड' मा गएर प्रश्नावली भर्ने सर्वेक्षण पद्धति हावी छ । केही यात्रा गरेर पुगिने फिल्डमा अनुसन्धानको अनुभव बटुल्न नयाँ पुस्ताका प्रशिक्षार्थीलाई आवश्यक छ, र त्यसै गरी प्रश्नावलीसहित गरिने अनुसन्धानको अनुभव पनि गर्नु पर्छ । तर फिल्डको व्याख्या व्यापक हुन्छ, र प्रश्नावलीमात्र अनुसन्धानको पद्धति होइन भन्ने कुरा प्रारम्भमा नै बुझ्न आवश्यक छ । इतिहास विधाका विद्यार्थीका लागि प्रायः फिल्ड भनेको मृत्यु भैसकेकाहरूले बाँचेको समाज हो । तिनलाई भेटेर प्रश्नावली भर्न सकिन्न । तसर्थ, इतिहासका विद्यार्थीका लागि विभिन्न अभिलेखालय (आर्काइभ) मा उपलब्ध हुने पुराना दस्तावेज नै फिल्ड हुन् । अन्य विधाका अनुसन्धानका निम्ति पनि फिल्ड भनेको कुराकानी मात्र नहुन सक्छ । जस्तो दलित आन्दोलनमा अनुसन्धान गर्न चाहनेले विभिन्न सङ्घसंस्थाले तयार गरेका सम्बन्धित प्राथमिक सामग्री अध्ययन गर्नैपर्ने हुन्छ । त्यसैले त्यस्ता सामग्री पनि फिल्ड हुन् । त्यसै गरी आलोचनात्मक पठन अभ्यास पनि प्रश्नावली सहित गरिने सर्वेक्षण जत्तिकै महत्त्वपूर्ण अनुसन्धान पद्धति हो ।

जुनसुकै पद्धति भए पनि अनुसन्धानपछि त्यसको विश्लेषण गर्नै पर्छ । अनुसन्धानको प्रारम्भिक विश्लेषणको मस्यौदा कसरी तयार गर्ने सोचविचार गर्नै पर्छ । औपचारिकता निर्वाह गर्न लेखिने थेसिसमा निश्चित 'फर्म्याट' अपनाउनु पर्ने बाध्यता हुन सक्छ । तर अन्य अवस्थामा विभिन्न फर्म्याटको लेखन हुन सक्छ । जस्तो फर्म्याट अपनाए पनि लेखको सुरुमा नै अनुसन्धानले उत्तर खोजेको प्रश्न, त्यसको महत्त्व र सान्दर्भिकता पाठकलाई बुझाउनु उपयुक्त हो ।

मस्यौदा विश्लेषण परिस्कृत गर्ने प्रक्रिया पनि महत्त्वपूर्ण छ । सकेसम्म पूरा मस्यौदा तयार भैसकेपछि सहकर्मीलाई पढाउनु राम्रो हुन्छ । सहकर्मीसँग समूहगत छलफलमा राख्दा प्राप्त हुने सुझावले पनि लेखन परिस्कृत गर्ने मौका दिन्छ । यसबाट थप अनुसन्धानको आवश्यकता पनि देखिन सक्छ । मस्यौदा, त्यसको प्रस्तुति, प्रस्तुतिमा आएका सुझाव ध्यानमा राखी गरिएको पुनर्लेखनबाट गुज्रेर आएको लेखन तथ्यगत र विश्लेषणात्मक हुने सम्भावना बढी हुन्छ । यो प्रक्रिया सफल गराउन सहकर्मीहरूले मस्यौदा लेखनलाई गम्भीर ढङ्गले पढी सुझाव दिने संस्कृति बसाउनु पर्छ । अनुसन्धानात्मक अभ्यासबाट खारिएको र यो प्रक्रियामा विश्वास गर्ने सहयोगीबाट पुनर्लेखन सफल हुन्छ । मार्टिन चौतारीका मिडिया अनुसन्धाताका लेखन कम्तिमा तीन चार पुनर्लेखन नभई प्रकाशित भएका छैनन् ।

लेखन, पुनर्लेखन, सम्पादन, प्रक्रियाबाट गुज्रेर आएको विश्लेषणले वर्तमान पुस्ताका ज्ञानका सीमा तोड्दै नयाँ पुस्ताको विश्लेषणात्मक क्षमता बढाउँछ, त्यस्तो क्षमतामाथि विश्वास गर्ने समाजको निर्माण गर्छ । लेखनपछि आफ्नो तर्कलाई प्रस्तुत गर्ने शैली विकास गर्न पनि जरुरी छ । चियापसल, चौतारी जस्ता अनौपचारिक प्रस्तुतिका 'प्लेटफर्म'हरूदेखि कक्षा कोठा, सेमिनार, सम्मेलनमा आफ्नो अनुसन्धान प्रस्तुत गर्न सकिन्छ । यस्ता प्रस्तुतिमा उठ्ने प्रश्न र टिप्पणीले थप अनुसन्धान गर्ने प्रेरणा र तर्क बलियो बनाउन गर्नुपर्ने नयाँ अभ्यासको बाटो प्रस्ट हुन्छ । अनुसन्धानको ढाँचा निर्माणदेखि प्रस्तुतिसम्मको पूरा चक्रबाट गुज्रेर आउँदा नै नयाँ पुस्ताका समाज वैज्ञानिकको आत्मविश्वास बढ्न जान्छ ।

## नयाँ पुस्ता उत्पादनका लागि आवश्यक स्रोतहरू

तलका अनुच्छेदमा प्राज्ञिक गैससले नयाँ पुस्तालाई प्रशिक्षण दिँदा आवश्यक पर्ने तीन प्रमुख स्रोतः पुस्तकालय, आर्थिक स्रोत र अनुभवी समाज वैज्ञानिकहरूको प्रतिबद्धतामाथि विवेचना गरिन्छ ।

### *पुस्तकालय*

समाज विज्ञानका कुनै पनि विधामा नयाँ प्रयोगकर्ता जन्माउन अनुसन्धानमुखी पुस्तकालयको उत्तिकै महत्त्वपूर्ण भूमिका रहन्छ । देशभरको अवस्था केलाउँदा अनुसन्धानमुखी पुस्तकालय सङ्ख्या अपुग छ भन्नेमा मतैक्य छ । काठमाडौँ, पोखरालगायत अन्य सहरमा भएका अनुसन्धानमुखी थोरै पुस्तकालय पनि पुस्तक, जर्नल र अन्य सुविधा सामग्रीले भरिपूर्ण छन् भन्ने ठाउँ हामीसँग छैन । बजेट, व्यवस्थापन र अन्य किसिमका कमी कमजोरीले ती गाँजिएका छन् ।

राम्रो पुस्तकालयमा बौद्धिक अभ्यासका लागि आवश्यक पुस्तक, जर्नल र पत्रपत्रिकाको समयबद्ध सङ्कलन हुन्छ । त्यस्ता पुस्तकालयको उपलब्धताले विद्यार्थीको महत्त्वपूर्ण समय पठनमा लगाउन सकिन्छ । विभिन्न विधामा उपलब्ध प्राथमिक स्रोत सामग्रीका पुस्तक, जर्नल, अनुसन्धान गरी तयार गरिएका थेसिसहरू पढ्ने र तिनमा समाहित तर्कसँग बौद्धिक पौँठजोरी गर्ने अभ्यास समाज वैज्ञानिक बन्ने प्रक्रियाको अभिन्न अङ्ग हो । विधागत सैद्धान्तिक अवधारणाको व्याख्यासहित लेखिएका पुस्तक र त्यस्ता व्याख्या गर्न सघाउने 'एम्पेरिकल' विश्लेषणको अध्ययनबिना समाज वैज्ञानिक बन्न सकिन्न । सबै स्रोत पुस्तक आफैँले किन्न सक्ने हैसियत धनी राष्ट्रका अनुसन्धानकर्ताको समेत हुँदैन भने हाम्रा जस्ता मुलुकका समाज वैज्ञानिकले त्यो आँट्ने कुरै भएन । त्यसैकारण यस्ता पुस्तक धेरैलाई सजिलै उपलब्ध गराउन केन्द्रीय सरकार, स्थानीय सरकार, सरकारी तथा निजी विश्वविद्यालय र अन्य सङ्घसंस्थाले खरिद गरी निश्चित ढाँचाको वर्गीकरणसहित पुस्तकालय बनाउँछन् ।

त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा केन्द्रीय पुस्तकालय छ । त्यहाँ दुई लाखभन्दा बढी पुस्तक, सयौँ जर्नल, त्रिवि र अन्य विश्वविद्यालयमा गरिएका थेसिस, पत्रपत्रिका र म्यागेजिनहरू उपलब्ध छन् । नेपालसम्बन्धी सामग्रीहरूको छुट्टै सङ्कलन कक्ष पनि त्यहाँ छ । विश्वविद्यालयका अध्यापक र विद्यार्थीबाहेक नेपालमा अनुसन्धान गरिरहेका सबैलाई यो एउटा प्रमुख पुस्तकालय हो । यसले केही वर्षयता बजेटको अभावले आवश्यक पुस्तक खरिद गर्न सकिरहेको छैन । तर बाधा, अड्चन भए पनि पुस्तकालयले अनुसन्धातालाई थप सुविधा उपलब्ध गराउन प्रयास गरिरहेकै छ । पुस्तकालयमा सन् २००३ अगस्टयता जर्नलहरूको अनलाइन संस्करण सुविधा थप भएको छ । यो सुविधा त्रिवि केन्द्रीय पुस्तकालयले करिब एक सय २५ संस्थालाई पनि उपलब्ध गराएको छ । त्यसै गरी ब्रिटिश काउन्सिल, अमेरिकी सूचना केन्द्र, जर्मनहरूद्वारा सञ्चालित नेपाल अनुसन्धान केन्द्र, राष्ट्रिय पुस्तकालय, नेपाल भारत सांस्कृतिक केन्द्रको पुस्तकालय, इत्यादिको उपलब्धताले समाज वैज्ञानिकका लागि सन्दर्भ ग्रन्थहरूको ठूलो अभाव छ भन्ने तर्क काठमाडौँको हकमा लागू हुँदैन ।

अनुसन्धानमुखी ठूलो पुस्तकालय खोल्ने जिम्मा संसारका धनी मुलुकमा समेत प्राज्ञिक गैससहरूले विरलै आँटेका हुनाले हामीकहाँ त्यो सम्भव होला जस्तो लाग्दैन । तर

विश्वविद्यालयभन्दा बाहिर रहेका प्राज्ञिक गैससहरूले स-साना तर विशिष्ट विषयका अनुन्धानमुखी पुस्तकालय चाहिँ चलाउन सक्छन् । यो प्रसङ्गमा करिब चार वर्षअघि सुरु भएको सोसल साइन्स बहाःको पुस्तकालय राम्रो उदाहरण हो । ललितपुर पाटन ढोकास्थित यो पुस्तकालयमा समाज विज्ञानका करिब नौ हजार पुस्तक र झन्डै चार सय जर्नलहरू उपलब्ध भैसकेका छन् । त्रिविको अनलाइन जर्नल सुविधामा नपरेको 'जे.एस.टी.ओ.आर.' जर्नल डेटाबेस *बहाः*मा उपलब्ध छ जसको प्रयोग गर्नेहरूको सङ्ख्या दिनहुँ बढ्दो छ ।

काठमाडौँ उपत्यकामा छरिएर रहेका विभिन्न संस्थाले आफ्नो काम र रुचिअनुसारका विभिन्न पुस्तक बटुलेर पुस्तकालय बनाउने गरेका छन् । पाटनढोकास्थित दक्षिण एसियाली मानव अधिकार सङ्गठन (साफर) को पुस्तकालयमा दक्षिण एसिया र मानव अधिकारसम्बन्धी पुस्तक र नेपाल पानी सदुपयोग संस्थाको पुस्तकालयमा पानी र उर्जा व्यवस्थापनसम्बन्धी पुस्तक पाइन्छन् । थापाथली क्षेत्रका नेपाल वातावरण पत्रकार समूह, मार्टिन चौतारी र नेपाल प्रेस इन्स्टिच्युटमा मिडिया, वातावरण र अरू क्षेत्रका पुस्तक सङ्गृहित छन् । सानेपास्थित नेपाल समसामयिक अध्ययन केन्द्रको पुस्तकालयमा राजनीतिशास्त्रलगायत अन्य समसामयिक विषयका पुस्तक उपलब्ध छन् । बानेश्वरस्थित फ्रेन्ड्स फर पिस भन्ने गैससमा द्वन्द्व र शान्ति प्रक्रियाबारेका पुस्तकको राम्रो सङ्कलन छ । यी संस्थाले आफ्नो काम सजिलो बनाउन आवश्यक परेका पुस्तक जम्मा गरेका भए पनि प्रयोग गर्न चाहनेलाई उपलब्ध गराउँदै आएका छन् । र उनीहरू आफ्नो सङ्कलन जनउपयोगी बनाउन प्रयासरत पनि छन् ।

नयाँ महँगा पुस्तक र विशिष्ट विधाका सबै जर्नल उपलब्ध हुन नसके पनि नयाँ पुस्ताका अनुसन्धानकर्तालाई आफ्नो कामको प्रारम्भिक चरणमा आवश्यक पुस्तक काठमाडौँका पुस्तकालयमा धेरै मात्रामा उपलब्ध छन् । काठमाडौँबाहिर पनि विद्यार्थीलाई विधागत पुस्तक उपलब्ध गराउने प्रयास भइरहेका छन् । पोखराको पृथ्वीनारायण क्याम्पसअन्तर्गत् त्रिविलाई थप भार नपर्ने गरी तीन वर्षअघि खोलिएको समाजशास्त्र विभागमा पहिलो ब्याचका विद्यार्थीसँग ६१ सय र दोस्रो ब्याचका विद्यार्थीसँग ५१ सय रुपियाँ सङ्कलन गरी समाजशास्त्रका हजारभन्दा बढी पुस्तक र जर्नल खरिद गरिएको छ ।

प्राज्ञिक गैससमध्ये कुन संस्थासँग कस्ता पुस्तक उपलब्ध छन् भन्ने सम्पूर्ण जानकारी एकै ठाउँमा उपलब्ध नभएकाले अनुसन्धानकर्ताहरूले आफूलाई आवश्यक सामग्री खोज्न केही बढी परिश्रम गर्नुपर्ने चाहिँ निश्चित हो । यी स्रोतहरूको समष्टिगत सूचना नयाँ पुस्ताका प्रशिक्षार्थी अनुसन्धानकर्तामाझ पुग्नु पर्छ । यसको लागि प्राज्ञिक गैससहरूले संयुक्त सूचना सञ्जाल तयार गर्नुपर्ने देखिन्छ ।

## *आर्थिक स्रोत*

प्राकृतिक विज्ञानको तुलनामा समाज विज्ञानको अनुसन्धान थोरै बजेटमा सम्भव हुन्छ । त्यसो भए पनि अनुसन्धानकर्ताको जीविका चलाउन पारिश्रमिक तथा अनुसन्धान प्रक्रिया सफल बनाउन गर्नुपर्ने यात्रा, स्रोत सामग्री तथा मसलन्दनिम्ति रकम भने आवश्यक परिरहन्छ । त्रिभुवन विश्वविद्यालय र स्वतन्त्र अनुसन्धान निकायहरूले आर्थिक चुनौती भोगिरहेका छन् । त्यसको असर नयाँ पुस्तामाथि पनि परिरहेको छ ।

विश्वविद्यालयबाहिर अनुसन्धान थेग्न विभिन्न प्रयास भइरहेका छन् । तीमध्ये एउटा उपाय संस्थाले दिने सेवा र त्यसले उत्पादन गरेको पुस्तक तथा सामग्रीको विक्रीबाट उठ्ने रकमले नयाँ पुस्ताको अनुसन्धान खर्चको केही अंश जुटाउनु हो । इतिहासतर्फ फर्केर हेर्दा दिवङ्गत महेशचन्द्र रेग्मीले आफ्नै काम धान्न यस्तो प्रयास गरेका थिए । *नेपाल प्रेस डाइजेस्ट*लगायत अन्य पत्रिकाको सञ्चालन, नेपाली कानुन र ऐतिहासिक सामग्रीको अनुवाद इत्यादि विक्रीबाट रेग्मीले आफ्नो अनुसन्धान बजेटको केही अंश धानेका थिए । तर त्यो पर्याप्त हुन नसकेकाले नै उनकै जीवनकालमा त्यस्ता पत्रिका सबै बन्द भए (वन्त सन् २००३ए) ।

संस्थागत प्रयासमध्ये मार्टिन चौतारीले पुस्तक उत्पादन र तिनको विक्रीबाट नयाँ पुस्ता धान्ने प्रयास गरिरहेको छ । तर ती पुस्तकहरूको न्यून विक्रीले आवश्यक रकम भने जुट्न सकिरहेको छैन । त्यसबाहेक अरू संस्थाका लागि स-साना काम (जस्तोः *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन* पुस्तकको अनुक्रमणिका बनाउने) गरी चौतारीका नयाँ अनुसन्धानकर्मीहरू आफूलाई आवश्यक थोरै रकम जुटाइरहेका छन् ।

दोस्रो, समाज विज्ञानमा कार्यरत गैससले नयाँ पुस्ताका प्रशिक्षार्थीलाई खर्च जुटाउन प्रायः दातृ संस्थामा भर पर्ने गरेका छन् । अनुसन्धानकै लागि रकम उपलब्ध हुँदा केही समय काम गर्न पाए पनि त्यसबाट लामो समयको आर्थिक आवश्यकता पूर्ति हुँदैन । प्राज्ञिक गैससहरूलाई दुई अथवा तीन वर्षभन्दा बढी एउटै कामको लागि अनुदान नदिने दाताहरूको नीति यसको प्रमुख कारक हो । छोटो समयको आर्थिक सुरक्षाले लामो अवधिका अनुसन्धान योजना बनाउन र कार्यान्वयन गर्न सम्भव छैन । हाम्रा आवश्यकतालाई वरिष्ठ समाज वैज्ञानिकले मुखरित गर्न नसक्दा सम्भावना भएका क्षेत्रमा पनि अन्तर्राष्ट्रिय सहयोग उपलब्ध भइरहेको छैन ।

तेस्रो, दातृ संस्थालाई परामर्श गरेर बाँकी हुने रकमले नयाँ प्रशिक्षार्थीको पारिश्रमिक जुटाउन सकिन्छ । सैद्धान्तिक रूपमा यो राम्रो उपाय भए पनि विभिन्न व्यवस्थापकीय चुनौतीहरू छन् । चौतारीमा योबारे छलफल भइसक्दा पनि निश्चित अवधारणा बन्न सकिरहेको छैन । यसरी काम गर्दा वरिष्ठ र कनिष्ठ अनुसन्धानकर्ताबीच पारिश्रमिकमा कति गुणा अन्तर हुन सक्छ, एउटा विभागले कमाएको रकम अर्को विभागको काम थेग्न प्रयोग गर्न हुन्छ कि हुन्न, इत्यादि महत्त्वपूर्ण प्रश्नहरूको उत्तर नभै संस्थाले बजेट जुटाउन यो उपाय पनि अपनाउन नसक्ने रहेछ ।

चौथो, नेपालका निजी क्षेत्रका ठूला खेलाडीले पुरस्कारको नाटक र अन्य विभिन्न मिडिया 'इभेन्ट' प्रायोजन गर्ने गरे पनि अनुसन्धानलाई बढावा दिने मामिलामा उनीहरूको ध्यान पुग्न सकेको छैन । यसमा समाज वैज्ञानिक समुदायको न्यून प्रयास तथा ठूला व्यापारीहरूको अनुसन्धानको महत्त्व बुझ्न नचाहने प्रवृत्ति दुवै जिम्मेबार छन् । यो अवस्थामा परिवर्तन ल्याउन आवश्यक छ ।

पाँचौं, आफ्ना अनुसन्धानकर्मीलाई अन्तर्राष्ट्रिय छात्रवृत्तिहरूसम्म पहुँच बढाउने सहयोग प्राज्ञिक गैससहरूले गर्न सक्छन् ।

हामीकहाँ सामाजिक अनुसन्धानलाई आर्थिक रूपमा कसरी धान्नु पर्छ भन्ने सार्वजनिक बहस हुन सकिरहेको छैन । विश्वविद्यालयभित्रको निराशा र गैरसरकारी क्षेत्रको आ-आफ्ना

सानातिना 'पसल' चलाउने धुनले गर्दा समान समस्याबाट गुज्रिरहेका संस्थाबीच समेत छलफल भइरहेको छैन । अनुसन्धान धान्न नेपालबाहिर र भित्र अरूले गरेका प्रयासबाट सिक्दै, आउँदा दिनमा राम्रा अनुसन्धानकर्तालाई सहज व्यवस्था मिलाउने प्रयास साझा सामाजिक चिन्ता बन्नु पर्छ । यसका विभिन्न पाटाको मिहिन विश्लेषणसहित सार्वजनिक बहस हुनु पर्छ ।

यसै गरी केही नयाँ उपायहरू पनि प्रयोगमा ल्याउन आवश्यक छ । पहिलो, त्रिवि र बाहिरका संस्थाले भोगिरहेको आर्थिक समस्या टार्न उनीहरूबीच सहकार्य हुनु पर्छ । विश्वविद्यालयलाई सहयोग गर्न नचाहने दातृ संस्थाले बाहिरका संस्थासँग समन्वय गरी यो कार्य गर्न सक्छन् भन्ने सङ्केत दिँदा दुई थरीका संस्थाबीच सहकार्य हुन आवश्यक छ । यस्तो सम्भावना अध्ययन गर्न संयुक्त कार्यटोलीहरू बन्न सक्छन् ।

दोस्रो, २०४६ सालयता चलेका विभिन्न सामाजिक आन्दोलनको उपलब्धिस्वरूप दलित, जनजाति र महिला उत्थानमा उपलब्ध रकमबाट सम्बन्धित समुदायमा नयाँ समाज वैज्ञानिक तयार गर्न सक्ने देखिन्छ । ती आन्दोलनमा सम्मिलित गैससहरूलाई दातृ समुदायबाट उपलब्ध हुँदै आएको रकमबाट समुदायभित्रै अनुसन्धानकर्मी तयार गर्न सकिने सम्भावना छ । ती समुदायका सम्भावित समाज वैज्ञानिक तयार गर्न शिक्षण संस्थालाई तिर्नुपर्ने शुल्क र अनुसन्धानको खर्च अहिले उपलब्ध भइरहेको रकमबाट जुटाउन सकिन्छ । उदाहरणका लागि दलित समुदायका अनुसन्धानकर्ताको सङ्ख्या बढाउन यहीँ वा मित्र राष्ट्रका शिक्षण संस्थामा पढ्न पठाउन सकिन्छ । त्यसै गरी एमए वा पीएचडीमा आवश्यक अनुसन्धाननिम्ति छात्रवृत्तिहरू समेत संलग्न हुने गरी दलित सङ्घसंस्थालाई रकम उपलब्ध गराउन सकिन्छ ।

तेस्रो, सबै थरीका दातृ संस्थाले नयाँ नेपाली पुस्ता तयार गर्न सम्भाव्य लगानीको प्रतिबद्धता जनाउनु पर्छ । नेपाली वरिष्ठ समाज वैज्ञानिकहरूले यी दातृ संस्थासँग खुरुखुरु पैसा लिई आ-आफ्ना काम गर्ने प्रवृत्ति त्यागी नयाँ अनुसन्धानकर्ताउन्मुख बन्न जरुरी छ ।

## *अनुभवी समाज वैज्ञानिकहरूको सहकार्य*

जुनसुकै पद्धतिमा पनि नयाँ पुस्ताका प्रशिक्षार्थीहरूसँग अनुभवी समाज वैज्ञानिकले सहकार्य गर्छन् । माथि वर्णन गरिएको चुर्लुम्म डुबाइने र डुब्ने पद्धति सफल हुन अनुभवी समाज वैज्ञानिकहरूको निरन्तर र सक्रिय सुपरीवेक्षण आवश्यक छ भन्ने प्रस्ट हुन्छ । नयाँ पुस्ताका समाज वैज्ञानिक तयार गर्ने परियोजना बनाउन सजिलो छ, तर प्रतिबद्धता जनाई सो मुताविक काम गर्न मुश्किल छ । पुस्तकालय वा आर्थिक स्रोतभन्दा पनि अनुभवी समाज वैज्ञानिकले नयाँ पुस्तासँग गर्नुपर्ने निरन्तर सहकार्य र सुपरीवेक्षण चुर्लुम्म डुबाइने र डुब्ने पद्धति सफल हुन सम्भवतः बढी महत्त्वपूर्ण छ ।

## निष्कर्ष

विश्वविद्यालयमा प्राज्ञिक वातावरण कमजोर रहँदा पनि समाज विज्ञान प्रवर्द्धनको ध्येय राख्ने र प्राज्ञिक ज्ञान हस्तान्तरणमा चासो भएका व्यक्ति र गैससहरूले नयाँ नेपाली समाज वैज्ञानिकहरूको पुस्ता तयार गर्न महत्त्वपूर्ण काम गर्न सक्छन् भन्ने तर्क यो लेखमा गरियो ।

मुख्यतः मार्टिन चौतारीको अनुभवमा आधारित चुर्लुम्म डुबाउने र डुब्ने पद्धति प्राज्ञिक गैससको लागि उदाहरण हुन सक्ने ठानेर यहाँ प्रस्तुत गरिएको हो । यो पद्धतिले शत् प्रतिशत सफलता हासिल गरेको छैन, यद्यपि प्रारम्भिक नतिजा आश लाग्दो छ ।

यो लेख नेपालमा समाज वैज्ञानिकको नयाँ पुस्ता कसरी बढाउने भन्ने मुद्दामाथि सार्वजनिक बहस बढाउने प्रयास हो । मेरो र मार्टिन चौतारीका सहकर्मीको सीमित अनुभवमा आधारित यी विश्लेषण अपुग हुन सक्छन् । हामीलाई थाहा नभएका अन्य व्यक्ति र संस्थाको प्रयासमा नयाँ पुस्ता जन्माउने काम अझ बढी प्रगाढ ढङ्गबाट सञ्चालन भइरहेको हुन सक्छ । ती संस्थासँग फरक र प्रभावकारी प्रयासको अनुभव हुन सक्छ । त्यस्ता अनुभव भएका व्यक्ति र संस्थाले यो सार्वजनिक बहसलाई अझ अगाडि बढाउन आवश्यक छ । कुनै पद्धति किन सफल भए भन्ने ज्ञान सार्वजनिक भएमा ती पद्धतिलाई अरू व्यक्ति र संस्थाले अपनाउन सक्नेछन् ।

**धन्यवाद**

२०६१ पुस र माघमा *कान्तिपुर*मा आठ भागमा प्रकाशित 'समाज विज्ञानमा नयाँ पुस्ता' शीर्षक लेखको केही खण्डको परिमार्जित स्वरूप हो यो लेख । मार्टिन चौतारीका सहकर्मीहरूको सुझाव यो लेख तयार गर्न उपयोगी भएको छ । सम्पादकीय सहयोगका लागि रमा पराजुली र रमेश पराजुलीलाई धन्यवाद ।

## सन्दर्भ सामग्री

अधिकारी, जगन्नाथ र शरद घिमिरे, सं. । सन् २००२क । *वातावरणीय न्याय शब्दावली* । काठमाडौँः मार्टिन चौतारी र सामाजिक विकास तथा अनुसन्धान केन्द्र ।

अधिकारी, जगन्नाथ र शरद घिमिरे, सं. । सन् २००३ । *वातावरणीय न्याय स्रोत सँगालो* । काठमाडौँः मार्टिन चौतारी र सामाजिक विकास तथा अनुसन्धान केन्द ।

गौतम, भास्कर, जगन्नाथ अधिकारी र पूर्ण बस्नेत, सं. । सन् २००४ । *नेपालमा गरिबीको बहस* । काठमाडौँः मार्टिन चौतारी ।

डेशेन, मेरी र प्रत्यूष वन्त, सं. । सन् २००४ । *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन* । काठमाडौँः सोसल साइन्स बहाः ।

पराजुली, शेखर, प्रत्यूष वन्त, कृष्ण अधिकारी, कोमल भट्ट र देवराज हुमागाईं, सं. । सन् २००३ । *नेपाली मिडिया सन्दर्भ ग्रन्थ* । काठमाडौँः मार्टिन चौतारी र सामाजिक विकास तथा अनुसन्धान केन्द्र ।

वन्त, प्रत्यूष, कुमार यात्रु र भास्कर गौतम, सं. । सन् २००१ । *छापामा जनजाति* । काठमाडौँः एकता बुक्स ।

वन्त, प्रत्यूष, प्रमोद भट्ट, विद्यानाथ कोइराला, खगेन्द्र सङ्ग्रौला र सीके लाल, सं. । सन् २००१ । *छापामा दलित* । काठमाडौँः एकता बुक्स ।

Adhikari, Jagannath and Sharad Ghimire, eds. 2002. *A Bibliography on Environmental Justice in Nepal*. Kathmandu: Martin Chautari and Centre for Social Research and Development.

Onta, Pratyoush. 1999. Discussing Books Over Radio. *The Kathmandu Post*, 12 November, p. 4.

Onta, Pratyoush. 2000. Some Possible Interventions in the Author-Publisher-Reader Triangle to Boost Nepal's Publishing Industry. In *Book Publishing Industry in Nepal: Problems and Prospects*, pp. 77-86. Kathmandu: National Booksellers and Publishers Association of Nepal.

Onta, Pratyoush. 2001. Regional Area Studies in South Asia: Dark Days Ahead. *Nepali Journal of Contemporary Studies* 1(2): 60-89.

Onta, Pratyoush. 2003a. The Death of a People's Historian: Mahesh Chandra Regmi (1929-2003). *Himal South Asian* 16(8): 46-50.

Onta, Pratyoush. 2003b. The Institutional Future of Academic History in Nepal. *Studies in Nepali History and Society* 8(1): 125-156.

Onta, Pratyoush. 2004. *Nepal Studies in the UK: Conversations with Practitioners*. Kathmandu: Martin Chautari.

Onta, Pratyoush and Ian Harper. Forthcoming. The Politics of Publishing: A Case Study from Nepal. *Anthropology Matters* 7(2).

Parajuli, Ramesh. 2004. *Maoist Movement of Nepal: A Selected Bibliography.* Kathmandu: Martin Chautari.

Thapa, Deepak, ed. 2003. *Understanding the Maoist Movement of Nepal*. Kathmandu: Martin Chautari and Centre for Social Research and Development.